**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान**
**सानोठिमी, भक्तपुर**

# Basic ARFF-013 र ATC (AAA-010) तालिमका लागि दरखास्त आव्हानको सूचना

**(प्रकाशित मिति २०७९/०२/०६)**

यस प्रतिष्ठानद्वारा संचालन गरिने आधारभूत विमानस्थल उद्धार तथा अग्नि नियन्त्रण (Basic Aerodrome Rescue and Fire Fighting Course, ARFF-013) र ATC Licensing, Aerodrome Control and AFIS Course, (AAA-010) तालीमका लागि खुल्ला तथा समावेशी परीक्षाद्वारा प्रत्येक समुहमा देहाय बमोजिम प्रशिक्षार्थी छनौट गर्न तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र रीत पूर्वकको दरखास्त आब्हान गरिएको छ ।

**क) Basic ARFF-013 तर्फः १६ जना**

| सि.नं. | विज्ञापन नं. | खुला तथा समावेशी | प्रशिक्षार्थी संख्या |
|---|---|---|---|
| १ | १/०७८/७९ | खुल्ला | ९ (नौ) |
| २ | २/०७८/७९ | महिला | २ (दुई) |
| ३ | ३/०७८/७९ | आदिवासी/जनजाति | २ (दुई) |
| ४ | ४/०७८/७९ | मधेसी | २ (दुई) |
| ५ | ५/०७८/७९ | दलित | १ (एक) |

**आवश्यक न्यूनतम योग्यताः**

१. **शैक्षिक योग्यताः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस एल सी वा S.E. E मा कम्तिमा CGPA 2.0 प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।
२. **उमेरः** दरखास्त फाराम बुझाउने अन्तिम मिति २०७९/०२/२६ सम्म १८ बर्ष पुरा भै २५ वर्ष ननाघेको ।
३. **उचाईः** ५ फिट २ इन्च । ४. **छातीः** कम्तिमा ३२ इन्च र फुलाउदा ३४ इन्च हुनु पर्ने । ५. **वजनः** ५२ के जी

**परीक्षाको किसिमः**

१. शारीरिक दक्षता परीक्षण २. लिखित परीक्षा ३. अन्तर्वार्ताः

- Physical Fitness Assessment र Physical Measurement Test उत्तीर्ण गरेका प्रशिक्षार्थीहरु लाई मात्र Physical Efficiency Test मा सहभागी गराइनेछ । त्यसरी नै Physical Efficiency Test उत्तीर्ण गरेका प्रशिक्षार्थीहरुलाई मात्र लिखित परीक्षामा सहभागी गराइनेछ ।
- अन्तर्वार्ताबाट सफल भएका प्रशिक्षार्थीहरुले Civil Aviation Medical Assessor (CAMA) बाट Basic ARFF Course को Appendix-1 मा व्यवस्था भए बमोजिम आफ्नै खर्चमा स्वास्थ्य परीक्षण गराई आधारभूत विमानस्थल उद्धार तथा अग्नि नियन्त्रण तालीमका लागि Physically and Mentally Fit रहेको सिफारिश पेश गर्नु पर्नेछ ।

**दरखास्त फाराम दस्तुरः** रु. २००।– (दुई सय)
**परीक्षा दस्तुरः** रु. ४००।-(चार सय रुपैया मात्र) तर एक भन्दा बढी समाबेशी समुहमा दरखास्त दिएमा प्रत्येक समुहको लागि ५०% थप दस्तुर लाग्नेछ । समावेशी समूहमा मात्र दरखास्त पेश गर्ने उम्मेदवारले खुला सरहको दस्तुर बुझाउनु पर्नेछ ।

**तालिम अवधिः** १४ (चौध) हप्ताको हुनेछ ।

**शारीरिक दक्षता परीक्षण र लिखित परीक्षाको मिति र परीक्षा केन्द्र :** पछि प्रकाशित गरिनेछ ।

अन्य शर्त तथा व्यवस्था ग),घ),ङ),च) र छ) मा उल्लेख भएबमोजिम हुनेछ ।

**ख) ATC (AAA-010) तर्फः १६ जना**

| सि.नं. | विज्ञापन नं. | समावेशी र खुल्ला | प्रशिक्षार्थी संख्या |
|---|---|---|---|
| १. | ६/०७८/०७९ | खुल्ला | ९ (नौ) |
| २. | ७/०७८/०७९ | महिला | २ (दुई) |
| ३. | ८/०७८/०७९ | आदिवासी/जनजाति | २ (दुई) |
| ४. | ९/०७८/०७९ | मधेशी | २ (दुई) |
| ५. | १०/०७८/०७९ | दलित | १ (एक) |

**आवश्यक न्यूनतम योग्यताः**

१. **शैक्षिक योग्यताः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट बिज्ञान वा IT (सूचना प्रविधि) वा व्यवस्थापन वा ईन्जिनियरिङ्ग बिषयको स्नातक तहमा कम्तिमा द्वितीय श्रेणी वा CGPA 2.5 प्राप्त गरी उत्तीर्ण गरेको हुनु पर्नेछ।

२. **उमेर** : दरखास्त फाराम बुझाउने अन्तिम मिति २०७९/०२/२६ गतेसम्म २१ बर्ष उमेर पूरा भै २७ बर्ष ननाघेको।

**परीक्षाको किसिमः**

१) लिखित परीक्षा २) अन्तर्वार्ता

- अन्तर्वार्ताबाट सफल उम्मेदवारहरुले नेपाल नागरिक उड्डयन प्राधिकरणले तोकेको नागरिक उड्डयन स्वास्थ्य परीक्षक/सुपरीवेक्षकबाट आफ्नै खर्चमा स्वास्थ्य परीक्षण गराई ATC Licensing Class III Medical Report बाट ATC तालिमका लागि योग्य सिफारिश भएको हुनु पर्नेछ।
- त्रि.वि. विश्व भाषा क्याम्पसबाट English Language Proficiency Test कम्तिमा Grade-B उत्तीर्ण गरेको सक्कल प्रमाणपत्र दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ।
- भकभकाउने, काम्ने–थरथराउने जस्ता व्यक्तिहरु तालीमका लागि अयोग्य ठहरिने व्यहोरा आवेदकहरुलाई अग्रिम जानकारी गराईन्छ।

**दरखास्त फाराम दस्तुरः** रु. २००।– (दुई सय)
**परीक्षा दस्तुरः** रु. ७००।-(सात सय रुपैया मात्र) तर एक भन्दा बढी समाबेशी समुहमा दरखास्त दिएमा प्रत्येक समुहको लागि ५०% थप दस्तुर लाग्नेछ। समावेशी समूहमा मात्र दरखास्त पेश गर्ने उम्मेदवारले खुला सरहको दस्तुर बुझाउनु पर्नेछ।

**तालिम अवधिः** ३३ (तेत्तीस) हप्ताको हुनेछ।

**लिखित परीक्षा कार्यक्रम :** पछि प्रकाशित गरिनेछ।

अन्य शर्त तथा व्यवस्था ग),घ),ङ),च) र छ) मा उल्लेख भएबमोजिम हुनेछ।

**अन्य शर्त तथा व्यवस्थाः**

**ग) दरखास्त फाराम पेश गर्ने अन्तिम मिति र बुझाउने स्थानः**

**दरखास्त फाराम पेश गर्ने अन्तिम मिति** : २०७९/०२/२६ गतेसम्म
**दोब्बर दस्तुर तिरी दरखास्त पेश गर्ने अन्तिम मिति** : २०७९/०३/०२ गतेसम्म
**दरखास्त फाराम पाईने र बुझाउने स्थान** : नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान, सानोठिमी, भक्तपुर

**घ) दरखास्त फाराम र परीक्षा दस्तुर रकम जम्मा गर्नुपर्ने स्थानः**

राष्ट्रिय वाणिज्य बैंकको जुनसुकै शाखा कार्यालयहरुबाट पनि नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा रहेको खाता नं. १०९०१०००६४९१७००१ मा दस्तुर जम्मा गर्न सकिनेछ । आवेदनकर्ताको नाम स्पष्ट उल्लेख गरी दस्तुर बुझाएको सक्कल भौचर पेश गरेपछि मात्र दरखास्त फाराम उपलब्ध गराइनेछ ।

**ङ) दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरुः**

१) आवेदन फारामसाथ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्रहरु र उमेर खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ । साथै परीक्षा दस्तुर बुझाएको बैंक भौचर पेश गर्नु पर्नेछ ।

२) विदेशी वोर्डबाट उत्तीर्ण भै शैक्षिक योग्यता हासिल गरेको आवेदकले परीक्षा नियन्त्रण कार्यालयबाट समकक्षता निर्धारण गरिएको कागजात पेश गर्नु पर्नेछ ।

**च) समावेशी तर्फका प्रशिक्षार्थीहरुले पेश गर्नुपर्ने थप कागजातहरुः**

१) आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचनाको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर हो भनी प्रमाणित गरेको प्रतिलिपि दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

२) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमकै संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

३) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थर भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर हो भनी प्रमाणित गराएको कागजात दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

**छ) दरखास्त तथा परीक्षा सम्बन्धी विशेष शर्त तथा जानकारीः**

१) रीत नपुगेका, म्याद नाघी प्राप्त हुन आएको र उम्मेदवारहरुले दरखास्त फारामसाथ पेश गरेका नागरिकता, शैक्षिक योग्यता लगायतका कागजात/प्रमाणपत्रमा उम्मेदवार तथा उम्मेदवारहरुको तीन पुस्तेको नाम, थर आदि फरक परेमा आधिकारिक निकायबाट नाम, थर आदि पुष्टि हुने कागजात पेश नगरेको खण्डमा त्यस्ता उम्मेदवारको दरखास्तमा कुनै कारवाही हुने छैन । साथै कुनै पनि शर्त राखी दरखास्त फाराम पेश गर्न पाईने छैन ।

२) खुल्ला र समावेशी प्रतियोगिताका आधारमा लिइने प्रशिक्षार्थी छनौट परीक्षा संयुक्त रुपमा एकै सिटिङ्गमा लिइनेछ ।

३ ) दरखास्त फाराम बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन साविक बमोजिमकै दरखास्त दस्तुर तिरी दरखास्त फाराम पेश गर्न सकिनेछ । तर दोब्बर दस्तुर तिरी फाराम पेश गर्ने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट दरखास्त फाराम बुझाउन सकिने छैन ।

४) प्रशिक्षणका लागि प्रशिक्षार्थी छनौट भै तालिम उत्तीर्ण गरेपश्चात् प्राधिकरणको रिक्त दरबन्दीमा नियमानुसारको प्रक्रिया पूरा गरी नियुक्ति गरिनेछ । यसरी नियुक्ति दिईएका जनशक्तिहरुलाई काठमाडौ उपत्यका बाहिरका जिल्ला स्थित नागरिक उड्डयन कार्यालयहरुमा कम्तिमा शुरुका २ (दुई) बर्ष कामकाज गर्ने गरी खटाईनेछ ।

यो सूचना नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान र नेपाल नागरिक उड्डयन प्राधिकरणको वेभ साइटहरु क्रमशः www.academy.caanepal.gov.np, www.caanepal.gov.np बाट पनि हेर्न सकिनेछ । यस सम्बन्धी पाठ्यक्रम प्रतिष्ठानको वेभसाईटमा राखिएको छ ।